कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः९८
शनिबार,५ मंसिर २०८३
(Saturday, 21 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा



हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

लुम्बिनीका १० जिल्ला कुष्ठरोगको जोखिममा

देशभरका नयाँ सङ्क्रमितमध्ये २५ प्रतिशत यहींका

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर



लुम्बिनी प्रदेशका १० जिल्ला कुष्ठरोगको जोखिममा रहेको पाइएको छ। मधेस प्रदेशपछि लुम्बिनी कुष्ठरोगको दोस्रो उच्च जोखिममा रहेको प्रदेश भएको आइएनएफ नेपालका मेडिकल सर्भिसेज निर्देशक डा. अरूणकुमार बुढाले बताए।

उनका अनुसार रूपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासीलगायत जिल्ला कुष्ठरोगको जोखिममा छन्। नेपालमा कुष्ठरोग देखिएका १८ जिल्लामध्ये १० जिल्ला बाँकेको साइनिङ अस्पतालको सेवाक्षेत्रभित्र पर्छन्। लुम्बिनी प्रदेशमा बालबालिकामा समेत कुष्ठरोगको सङ्क्रमण देखिएको र त्यसको सङ्ख्या उच्च रहेको उनले बताए।

कुष्ठरोगको पहिचानमा ढिलाइ हुनुमा गरिबी, स्वास्थ्य सेवामा पहुँचको अभाव, सामाजिक भेदभाव र लाञ्छना प्रमुख कारण रहेको डा. बुढाको भनाइ छ।

बाँकेको जानकी गाउँपालिका-मानपुरस्थित साइनिङ अस्पताललाई लुम्बिनी प्रदेशसहित पश्चिम नेपालकै कुष्ठरोग तथा उष्ण उपेक्षित रोगसम्बन्धी सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ। हाल क्षेत्रीय प्रेषण केन्द्रका रूपमा सञ्चालन भइरहेको अस्पताललाई कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बिरामीको उपचार केन्द्र बनाउने लक्ष्य रहेको उनले बताए। यो योजना नेपाल सरकारको शून्य कुष्ठरोग रणनीतिसँग सम्बन्धित रहेको उनको भनाइ छ।

नेपाल सरकारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब दुई हजार ५०० नयाँ कुष्ठरोगी पहिचान भएका छन्। तीमध्ये करिब २५ प्रतिशत लुम्बिनी प्रदेशका रहेको आइएनएफ नेपाल, साइनिङ अस्पताल बाँकेले जनाएको छ।

कुष्ठरोगको जोखिममा रहेका बिरामीलाई लक्षित गरी अस्पतालको सेवा विस्तार गर्न लागिएको हो। करिब दुई करोड ३५ लाख रूपैयाँको लागतमा अस्पतालको अन्तरङ्ग सेवाका लागि भवन निर्माण भइरहेको छ। पाँचवटा वार्डमा २५ जना बिरामी राख्न सकिने भवनमा ह्विलचेयरमैत्री शौचालय, नर्सिङ स्टेसन, उपचार कक्ष र औषधि भण्डारण कक्षलगायत सुविधा रहनेछन्।

हालसम्म आइएनएफका पोखरास्थित हरियोखर्क अस्पताल, सुर्खेतस्थित साइनिङ अस्पताल र बाँकेको साइनिङ अस्पतालबाट छ हजार ७९ जनाले निःशुल्क उपचार सेवा लिएका छन्।

अस्पताललाई निरन्तर सञ्चालन गर्न छाला रोग विशेषज्ञ, थेरापिस्ट, कृत्रिम अङ्ग तथा जुत्ता प्रविधिसम्बन्धी जनशक्ति र दक्ष कर्मचारी आवश्यक रहेको डा. बुढाले बताए। अपाङ्गता पुनःस्थापना पनि चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले नसर्ने रोगका कारण हुने अपाङ्गताको व्यवस्थापनसमेत चुनौतीका रूपमा रहेको बताए। अस्पतालको सेवा विस्तार र सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारको सहकार्य आवश्यक रहेको उनको भनाइ छ।

आइएनएफका अन्तरराष्ट्रिय कार्यकारी प्रमुख रिचर्ड रिभले नेपालमा कुष्ठरोग नियन्त्रणका लागि ठूलो धनराशि खर्च भइरहेको र त्यसबाट आशातीत उपलब्धि हासिल भएको बताए।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री दिपेन्द्रकुमार पुनले प्रदेश सरकार अस्पतालसँग सहकार्य गर्न तत्पर रहेको बताए। नेपाल सरकारले सन् २०३० सम्म कुष्ठरोग शून्यमा झार्ने रणनीति लिएको छ।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

तेस्रो राप्तीसोनारी नेचर रन आज

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर

राप्तीसोनारी नेचर रनको तेस्रो संस्करण यही मंसिर ५ गते शनिवार बाँकेको राप्तीसोनारीमा हुने भएको छ।

राप्तीसोनारीको मदुवामा हुने यस दौडमा यसवर्ष १० किलोमिटर खुला स्पर्धा समेत समावेश गरिएको रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङले जानकारी दिए।

राप्तीसोनारी गाउँपालिका स्तरीय स्कुल दौडमा भने ५ किलोमिटर छात्र एवं ३ किलोमिटर छात्रातर्फको स्पर्धा हुनेछ। साथै एक किलोमिटर वाकाथन समेत हुनेछ। स्कुले बालबालिकालाई सानैदेखि प्रकृतिको महत्व दर्शाउन र प्राकृतिक स्रोत साधनको जगेर्ना एवं सदुपयोग सम्बन्धी जागरण फैलाउने उद्देश्यले राप्तीसोनारी नेचर रन हरेक वर्ष सन्चालन गरिदै आएको धारा नेपालगन्ज म्याराथनका रणनीतिक एवं अन्तर्राष्ट्रिय समन्वय प्रमुख तीर्थ ओलीले बताए।

बाँकी ३ पृष्ठमा

आवश्यकता सम्बन्धी सूचना ।सूचना

प्रकाशित मिति : २०८३/०७/१९

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड इण्डष्ट्रिज प्रा.लि., कोहलपुर-१४ पार्वतिपुरको लागी तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराइन्छ ।

क्र.सं	पद	संख्या	कामको जिम्मेवारी	आवश्यक योग्यता	उमेर
०१	ईलेक्ट्रिसियन/मोटर वाईन्डिङ प्राविधिक (Electrician/ Motor winding Tchnician)	१ जना	● ८ औद्योगिक मोटर वाईन्डिङ, मर्मत तथा सर्भिसिङ गर्ने । ● कारखाना मेसिन तथा उपकरणहरूको विद्युतीय मर्मत सम्भार र समस्या समाधान गर्ने । ● थ्री-फेज मोटर, इलेक्ट्रिकल् प्यानल, स्टार्टर तथा वायरिङ सम्बन्धी काम गर्ने । ● नियमित प्रिभेन्टिभ मेन्टेनेन्स गर्ने तथा विद्युतीय समस्या आएमा तत्काल समाधान गर्ने ।	● सम्बन्धित क्षेत्रमा कम्तीमा २-३ वर्षको कार्य अनुभव भएकोलाई प्राथमिकता दिनेछ । ● औद्योगिक विद्युतीय प्रणाली तथा मोटर वाइनडिङ सम्बन्धी व्यावहारिक ज्ञान भएको हुनुपर्नेछ । ● उत्पादनमूलक उद्योगमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।	२५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

कार्यस्थल : मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि औद्योगिक क्षेत्र, नेपालगंज बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी सहमतिमा निर्धारण गरिने छ ।
आवश्यक पर्ने कागजातहरू
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी

आवेदन बुझाउने ठेगाना
मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि.
औद्योगिक क्षेत्र, नेपालगंज बाँके

थप जानकारीको लागि सम्पर्क नम्बर ९८०१५४७०१७

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्बन्धको नयाँ अध्याय

'हाम्रो देश सानो छ तर हाम्रो स्वाभिमान सानो छैन। छिमेकीसँग हाम्रो सम्बन्ध बराबरीको सिद्धान्तमा आधारित हुनुप र्छ, न कि कसैको आश्रय वा दयामा' हाम्रा छिमेकीका बारेमा जननायक बिपी कोइरालाले भन्नुभएको छ, "भारतसँग हाम्रो ऐतिहासिक, सांस्कृतिक र भौगोलिक सम्बन्ध छ, हामी भारतका मित्र हौं तर मित्रताको अर्थ आफ्नो आन्तरिक मामिलामा कसैको हस्तक्षेप स्वीकार गर्नु होइन।"

नेपाल-भारतको सम्बन्ध कुनै राष्ट्रबिच स्थापित भएको एउटा कागजी सम्झौता मात्रै होइन। मानव सभ्यताका आदिकथा नै यो भूमि सम्बन्धका आधार हुन्। आधुनिक राज्य वा राष्ट्रनिर्माणसँगै भूगोलका सीमा कोरिए, सीमा रेखा त तानिए तर नेपाल-भारत सम्बन्धका मौलिक स्वरूप भने कहिल्यै परिवर्तन भएनन्। भूगोलको पहिचान फरक त होला तथापि नेपाल-भारत अनि नेपाली र भारतीय नागरिकको भावनको सम्बन्ध भूगोलमा कोरिएका ती सीमारेखा धेरै नै माथि छन्। भूगोलले त हामीलाई जोडेकै छ, हामीलाई धर्मले जोडेको छ। संस्कृतिले जोडेको छ। सामाजिक रहनसहनले जोडेको छ। अनि जनस्तरबिचको साइनोले अझ नजिक खिचेको छ। अर्थात् हामीसँग 'रोटी-बेटी' सम्बन्धको आफ्नै मौलिक सम्बन्धको पहिचान पनि छ। एक अर्को देशका कैयन कालखण्डमा नेपाल-भारत एकअर्काका साक्षी पनि हुन्। भारतीय स्वतन्त्रता सङ्ग्राममा नेपालीले दिएको योगदान होस् वा नेपालको लोकतान्त्रिक संस्थागत विकासमा भारतले दिएका साथ। इतिहासका यी साझा डोरी बाँधिएको सम्बन्धका यी कैयन सेतुलाई जोगाइराख्नका लागि एउटा सार्वभौम राष्ट्रका हैसियतमा हाम्रा सम्बन्धका कैयौं राजनीतिक सीमा र दायरा पनि छन्। जहाँ राज्य सञ्चालक त्यसको मर्यादामा रहनै पर्छ।

भूगोलले सानो होला, धन-दौलतको कमी होला तर एक राष्ट्रका हैसियतमा नेपाल सधैं सार्वभौम अनि स्वायत्त रह्यो। नेपाल कहिल्यै कुनै पनि शक्तिको उपनिवेश भएन। नेपालका लागि यो एक आफैंमा एउटा शक्ति नै हो। यही शक्तिले नेपाललाई कहिल्यै कसै सामु झुक्नु परेको छैन। नेपाल चारैतिरबाट दुई देशले घेरिएको एक भूपरिवेष्ठित देश हो। त्यसमा पनि भारतसँग अझ उदारताको सम्बन्ध छ। राजनीतिक सम्बन्धको आधुनिक इतिहास भने भारत राष्ट्र बेलायतको औपनिवेशिककालमा सुरु भयो। त्यसको एउटा सुरुवात सन् १८१४-१६ को एङ्लो-नेपाल युद्धपछि १८१६ मा सुगौली सन्धि भयो। त्यसले महाकाली (काली) नदीलाई पश्चिमी सिमाना तोक्यो र महाकालीपारितिरको ठुलो भूभाग नेपालले गुमाउनु पऱ्यो। त्यसपछि बेलायतले सन् १९२३ मा नेपाललाई एक स्वतन्त्र राष्ट्रका रूपमा स्वीकार गऱ्यो। १९४७ मा भारत स्वतन्त्र हुँदा पनि त्रिदेशीय सम्झौता भयो। नेपाल, भारत र बेलायतबिचको यो सन्धिले दुई देशको सम्बन्धलाई नयाँ उचाइ थप्यो। भारत अनि बेलायतमै पनि नेपालीले 'गोर्खा भर्ती' का रूपमा सेनामा भर्ना हुने व्यवस्था सुरु भयो। यसबाट नेपाल-भारत र बेलायतबिचको सम्बन्धले अर्को रूप प्राप्त गऱ्यो। नेपालीले भारतमा श्रम गर्न पाउने यो एउटा औपचारिक बाटो थियो। यद्यपि अहिले भारतमा गोर्खा भर्ती मात्रै नभएर भारतीय श्रमबजारका कैयौं क्षेत्रमा नेपाली छन्। त्यसका लागि दुई देशबिच एक प्रकारको अलिखित समझदारी कायम छ। जसरी नेपालीलाई भारतीय श्रमबजारमा भारतीय सरह निर्वाध काम गर्ने व्यवस्था छ त्यस्तै भारतीयलाई पनि नेपाली श्रमबजारमा उत्तिकै सम्मानित स्थान छ।


दुई देशबिच रहेको करिब एक हजार आठ सय किलोमिटर खुला सिमाना एकअर्को देशको उदारताका सिमानाह मात्रै होइनन्, इतिहास, समाज र संस्कार अनि संस्कृतिको सम्बन्धले बाँधिएका बिम्ब पनि हुन्। जसबाट नेपाली अनि भारतीयलाई एकअर्को देशमा जान आउनका लागि सहजता भएको छ। यद्यपि सीमानाका विवाद नभएका होइनन्, त्यो बेलाका सन्धिसम्झौतादेखि नै नेपाल भारतबिच सबैभन्दा विवादित भनेको नै सीमानाका मुद्दा हुन्। बेला बेला सीमास्तम्भ हराउने अनि भारतीय पक्षले सिमाना मिचेका कुरा पनि बहसमा आउँछन्। तथापि एकअर्को देशले सिमानावासीलाई उठिबास नै लगाउने गरी अहिलेसम्म त्यस्ता कुनै अप्रिय घटना भने भएका छैनन्। दुवै देशका लागि राष्ट्रिय मुद्दा नै बनेको सिमानामा भने दुई देशका नागरिकबिच उत्तिकै आत्मीयता पनि छ। सिमानामा दुई देशका नागरिकले आफ्नै शैलीमा गाँसेको सम्बन्धका कतिपय राम्रा उदाहरण पनि छन्। त्यसैले नेपाल-भारतबिचको सम्बन्ध मात्रै एकाध कागजमा लेखिएका सन्धि वा सम्झौतामा सीमित छैनन्, बरु सम्बन्धको यो मिठासपूर्ण आभाष दुवै देशका नागरिकबिच पनि उत्तिकै छ।

भारतका अन्य छिमेकी देशमा जस्तै हालैका दिनमा नेपालमा पनि निकै अप्रत्याशित र अद्भुत राजनीतिक परिवर्तन भएका छन्। गत वर्षको जेनजी विद्रोहले नेपालीको राजनीतिलाई जरैदेखि हल्लाइदिएको छ। शक्तिशाली भनिएको तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार ढलेपछि पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो। अनि त्यही सरकारले आह्वान गरेको आमनिर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अप्रत्याशित मतका साथ सत्तामा आयो। तत्कालीन नेकपा एमाले, नेपाली काग्रेस र नेकपा माओवादी (हाल नेकपा) लगायतका पुराना राजनीतिक दल लगभग प्रतिपक्ष बन्ने हैसियतमा पनि रहेनन्। अर्थात् प्रतिनिधि सभाको लगभग पूर्ण बहुमतको हिस्सा नयाँ पुस्ताको समर्थन मिसिएको रास्वपासँग नै छ। यो निर्वाचनपछि रास्वपाका नेता वालेन्द्र शाह प्रधानमन्त्री बन्नुभएको छ। सरकार बन्नेबित्तिकै नयाँ प्रधानमन्त्री भारततिर निस्किहाल्ने नेपाली राजनीतिको परम्परागत संस्कारलाई यो सरकारका प्रधानमन्त्रीले अलिकति 'ब्रेक' लगाउनुभयो। भारतभन्दा अघि उहाँ संयुक्त राष्ट्रसङ्घीय महासभामा भाग लिनका लागि अमेरिकाको न्युयोर्क पुग्नुभएको थियो। यद्यपि त्यो कुनै औपचारिक विदेश भ्रमण थिएन। त्यसैले राज्यस्तरको वैदेशिक भ्रमण भने हालै मात्र तय भएको भारत भ्रमण नै हो। नेपालको तयारी अनुसार यही मङ्सिर ६ गते प्रधानमन्त्री शाह नयाँ दिल्लीका लागि प्रस्थान गर्नुहुनेछ। अर्को दिन साँझपख नै नेपाल फर्किनुहुने छ। करिब २५ घण्टाभित्रै सम्पन्न हुने यो सायद नेपाली प्रधानमन्त्रीको सबैभन्दा छोटो भारत भ्रमण पनि हुन सक्छ। यद्यपि कुनै भ्रमण कति लामो वा कति दिनको हुन्छ भन्नेभन्दा पनि त्यसबाट हुने उपलब्धिले बढी अर्थ राख्दछ। विद्रोह अनि परिवर्तनको यो नयाँ उमङ्गमा नेपालीका अपेक्षा पनि फेरिएका छन्। यसअघिका प्रधानमन्त्रीले भारतीय भ्रमणका क्रममा गर्ने सन्धि वा सम्झौता अनि अडानभन्दा यसपालि प्रधानमन्त्री शाहले 'बोल्ड' अडान राख्नुहुने छ भन्ने आमअपेक्षा अस्वाभाविक होइन।

यद्यपि प्रधानमन्त्रीको भारत भ्रमण अघि नेपालकै सत्तारूढ रास्वपाका सभापति रवि लामिछानेलाई भ्रमणको निम्तो दिएर भारतले एउटा राजनीतिक सन्देश भने दिइसकेको छ। अर्थात् नेपालमा भएको राजनीतिक परिवर्तन र त्यसले ल्याएको सत्ता परिवर्तनलाई भारतले स्वीकार गरिसकेको छ। त्योबेला नै भारतले 'मिलेर काम गर्ने' सन्देश दिइसकेको सन्दर्भमा अब हुने कार्यकारीको यो भ्रमणमा उनै परम्परागत सहमति र सम्झौताभन्दा केही कदम अघि बढेर सम्बन्धको इतिहासमा नयाँ पाना थपिनु पर्छ। इतिहासदेखि नै थाती रहँदै आएका नेपाल-भारतबिचका विवाद, नागरिकका समस्या, सिमानामा हुने विभेदका घटना अनि असमान सन्धिसम्झौताको पुनरवलोकनलाई पहिलो प्राथमिकतामा राखिनु पर्छ। त्यसका लागि कुनै विवाद गर्नुपर्ने अवस्था छैन। कुनै पनि सन्धिसम्झौतामा नेपालले आफ्नो पक्षबाट वकालत गर्न मज्जाले पाउँछ। एक सार्वभौम राष्ट्रका नागरिक भएका नाताले हरेक नेपालीलाई सम्मानजनक व्यवहार उत्तिकै हक लाग्छ। नेपालमा भारतीयलाई हुने व्यवहारबिच समानता ल्याउन, सेवा सुविधाका मुद्दा र भारतमा रहेका लाखौं नेपालीको पञ्जीकरण र उनीहरूलाई भारतले दिने सेवा सुविधाका मुद्दालाई पनि उठाउनुपर्ने छ। सबैभन्दा महत्वपूर्ण कुरा दुई देशबिचको व्यापारिक र व्यावसायिक मुद्दा पनि हुन्। भन्सार कर अनि नेपाल-भारतबिच हुने आयात र निर्यातका सन्दर्भमा देखिएका तमाम समस्याको समाधानदेखि व्यापारका नयाँ आयामलाई थप गर्न पनि सकिन्छ। तेल, ग्यासलगायतका अत्यावश्यक वस्तुमा अहिले पनि नेपाल भारतमाथि नै निर्भर छ। त्यो निर्भरतालाई तत्कालै हटाउन नसकिएला तर त्यसलाई अझ सजिलो र सुलभ कसरी बनाउन सकिन्छ भनेर नेपाल पक्षले पर्याप्त गृहकार्य गरी त्यसलाई समाधान गर्न सक्छ। जस्तो कि अहिले पेट्रोलियम पाइपलाइनको मुद्दा पनि उठेको छ। जलस्रोत अनि विद्युत् व्यापारलाई दीर्घकालीन बनाउनका लागि नयाँ समझदारी आवश्यक छन्। त्यस्तै नेपाल र भारतीय हवाईमार्गमा अनुमतिलगायतका कुरा पनि उत्तिकै टड्कारा छन्। यी सबै मुद्दा र आमनागरिकको अपेक्षाबमोजिम नेपाल सरकारले आफ्नोतर्फ निकै मिहिन र प्रभावकारी ढङ्गले गृहकार्य गर्नु पर्छ।

नेपाल-भारतबिचको सम्बन्ध जति ऐतिहासिक छ, स्वाभाविक अनि सहज छ, जति सरल छ त्यत्तिकै अविश्वासका कतिपय पोका पनि छन्। नेपालमा यदाकदा पोखिने भारतविरोधी भावना र भारतमा नेपाली विरोधी भावना नभएका होइनन्। त्यसलाई राष्ट्रिय सम्बन्धका रूपमा भन्दा पनि मानवीय स्वभावका रूपमा लिनु पर्छ। तथापि नेपाल आफ्नो आन्तरिक मामलामा कहिल्यै हस्तक्षेप स्वीकार गर्दैन भन्ने स्वाभिमानलाई भित्कन दिनुहुन्न। दुई शक्तिशाली राष्ट्रका सबचमा रहेको नेपालका लागि हालका लागि भनेको उत्तर अनि दक्षिणी सम्बन्धलाई सन्तुलनमा राख्नु नै प्रभावकारी नीति हुन सक्छ। दुवै देशसँगको सम्बन्धलाई समान तराजुमा राखेर हामीले दुवै शक्तिबाट विश्वास आर्जन गर्दै देशलाई समृद्धिको मार्गमा अघि बढाउनु पर्छ।-गोरखापत्र

> यो भ्रमणमा उनै परम्परागत सहमति र सम्झौताभन्दा केही कदम अघि बढेर सम्बन्धको इतिहासमा नयाँ पाना थपिनु पर्छ। इतिहासदेखि नै थाती रहँदै आएका नेपाल-भारतबिचका विवाद, नागरिकका समस्या, सिमानामा हुने विभेदका घटना अनि असमान सन्धिसम्झौताको पुनरवलोकनलाई पहिलो प्राथमिकतामा राखिनु पर्छ। त्यसका लागि कुनै झगडा वा विवाद गर्नुपर्ने अवस्था छैन। कुनै पनि सन्धिसम्झौतामा नेपालले आफ्नो पक्षबाट वकालत गर्न मज्जाले पाउँछ। एक सार्वभौम राष्ट्रका नागरिक भएका नाताले हरेक नेपालीलाई सम्मानजनक व्यवहार उत्तिकै हक लाग्छ।



स्वास्थ्य

पातलो देखिने व्यक्तिमा पनि हुन सक्छ मोटोपन, के हो 'थिन फ्याट ओबिसिटी' ?

अहिले मधुमेह, उच्चरक्तचाप र मुटुसम्बन्धी समस्या स्वास्थ्यको मुख्य चुनौती बन्दै गएको छ। समुदायमा यस्ता समस्या भएका व्यक्तिको संख्या निरन्तर बढ्दो छ।

यी समस्याको एउटा मुख्य कारकमध्ये एक मोटोपन हो।

मोटोपनको कुरा गर्दा सामान्यतया हाम्रो दिमागमा बढी तौल भएका वा शरीरमा धेरै बोसो देखिने व्यक्तिको तस्वीर आउँछ। तर भद्धा शरीर देखिनु मात्रै मोटोपन होइन भन्ने कुरा बुझ्न जरुरी छ।

केही मानिस यस्ता पनि हुन्छन्, जो हेर्दा दुब्ला-पातला देखिन्छन् र उनीहरूको तौल पनि सामान्य हुन्छ। तर पनि शरीरमा बोसोको मात्रा भने बढी हुन सक्छ। यस्ता व्यक्तिलाई टाइप-२ मधुमेह, उच्च रक्तचाप र मुटुसम्बन्धी रोगको जोखिमसमेत हुन सक्छ।

चिकित्सा विज्ञानमा यस्तो अवस्थालाई 'थिन फ्याट ओबिसिटी' भनिन्छ। यस अवस्थामा व्यक्तिको बडी मास इन्डेक्स (बीएमआई) सामान्य देखिए पनि शरीरमा बोसोको मात्रा बढी र मांसपेशीको मात्रा कम हुन्छ। विशेषगरी पेट र शरीरका भित्री अंग वरिपरि जम्मा हुने बोसोले मेटाबोलिक स्वास्थ्यमा असर पार्न सक्छ।

नेसनल सेन्टर फर बायोटेक्नोलोजी इन्फर्मेसन (एनसीबीआई) मा प्रकाशित अनुसन्धानले थिन फ्याट ओबिसिटीबारे के बताएको छ ?

के हो थिन फ्याट ओबेसिटी ?

थिन फ्याट ओबेसिटी यस्तो अवस्था हो, जसमा व्यक्ति बाहिरबाट दुब्लो देखिए पनि उसको शरीरमा बोसोको मात्रा बढी हुन्छ। त्यस्तै, मांसपेशीको विकास कम भएको हुन्छ। पेट र शरीरका भित्री अंग वरिपरि जम्मा हुने बोसोले स्वास्थ्यमा विभिन्न समस्या निम्त्याउन सक्छ।



नेसनल सेन्टर फर बायोटेक्नोलोजी इन्फर्मेसन (एनसीबीआई) मा प्रकाशित अनुसन्धानअनुसार थिन फ्याट ओबिसिटी भएका व्यक्तिको बडी मास इन्डेक्स सामान्य हुन्छ, तर शरीरमा बोसोको मात्रा बढी हुन्छ। यस्तो अवस्थाले विभिन्न रोगको जोखिम बढाउनुका साथै मधुमेहजस्ता समस्या निम्त्याउन सक्छ।

दुब्ला-पातला मानिसलाई किन हुन्छ मधुमेहको जोखिम ?

धेरैलाई लाग्न सक्छ, आफ्नो तौल कम छ वा पेट बाहिर निस्किएको छैन भने मधुमेह हुने सम्भावना हुँदैन। तर वास्तविकता त्यस्तो होइन। किनभने शरीरमा बोसो कति धेरै छ भन्ने कुराले मात्रै होइन बोसो कुन ठाउँमा जम्मा भएको छ भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ।

यदि शरीरका भित्री अंग वरिपरि बोसो जम्मा भएको छ भने त्यसले मेटाबोलिक स्वास्थ्यमा असर पार्न सक्छ। यसका कारण रगतमा चिनीको मात्रा बढ्ने र मधुमेह हुने जोखिमसमेत बढ्न सक्छ।

थिन फ्याट ओबिसिटीका सुरुवाती लक्षण

आजकल धेरै मानिसको काम लामो समय एकै ठाउँ बसेर गर्नुपर्ने हुन्छ। कार्यालयमा घण्टौंसम्म बस्ने, कम हिँडडुल गर्ने र व्यायाम नगर्ने बानीले मांसपेशी कमजोर बनाउन सक्छ।

त्यस्तै, धेरै चिनी, मैदाबाट बनेका परिकार, तारेका तथा भुटेका खानेकुरा र प्रशोधित खाद्यपदार्थको सेवनले मेटाबोलिक स्वास्थ्यमा असर पार्न सक्छ। खानामा प्रोटिन र फाइबरको कमी हुँदा पनि शरीरको संरचना तथा मांसपेशीको विकास प्रभावित हुन सक्छ।

केही व्यक्तिको शरीरमा बोसो जम्मा हुने तरिका अरूको भन्दा फरक हुन सक्छ। यस्तो अवस्थामा तौल सामान्य भए पनि पेट र कम्मर वरिपरि बोसो बढी जम्मा भएको हुन सक्छ।

पर्याप्त प्रोटिन नलिने र मांसपेशी बलियो बनाउने व्यायाम नगर्ने व्यक्तिको मांसपेशीको विकास प्रभावित हुन सक्छ। त्यस्तै, लगातार कम सुत्ने र तनावमा रहने बानीले भोक, हर्मोन र मेटाबोलिज्ममा असर पार्न सक्छ। यसले खानपानको बानीमा समेत परिवर्तन ल्याउन सक्छ।

थिन फ्याट ओबिसिटी भएको कसरी थाहा पाउने ?

थिन फ्याट ओबेसिटी छ कि छैन भनेर बाहिरबाट हेरेर मात्र थाहा पाउन सकिँदैन। कतिपय अवस्थामा व्यक्तिको तौल सामान्य हुन्छ र कुनै विशेष स्वास्थ्य समस्या पनि महसुस भएको हुँदैन। त्यसैले तौल र बीएमआईका आधारमा मात्र स्वास्थ्यको अवस्था मूल्याङ्कन गर्नु सही हुँदैन।

यसका सम्भावित संकेतहरू यस्ता हुन सक्छन् :

-पेट वरिपरि बोसो जम्मा हुनु।
-हातखुट्टा दुब्लो हुनु।
-कम्मर वरिपरि चिल्लो पदार्थ बढी हुनु।
-मांसपेशीको शक्ति कम हुनु।
-रगतमा चिनी र कोलेस्टेरोलको मात्रा बढ्नु।
-रक्तचाप उच्च हुनु।

थिन फ्याट ओबेसिटी पहिचान गर्न के परीक्षण गर्ने ?

-बडी मास इन्डेक्स (बीएमआई) नाप्ने
-कम्मरको घेराइ नाप्ने
-खाली पेटमा रगतमा चिनीको मात्रा परीक्षण गर्ने
-एचबीए१सी परीक्षण गर्ने।
-शरीरमा बोसोको मात्रा विश्लेषण गर्ने परीक्षण

यी परीक्षण व्यक्तिको स्वास्थ्य अवस्था र आवश्यकताअनुसार चिकित्सकले सिफारिस गर्छन्। सम्बन्धित प्रयोगशालामा गएर यी परीक्षण गराउन सकिन्छ।

थिन फ्याट ओबेसिटीबाट बच्न के गर्ने ?

तपाईं दुब्लो-पातलो हुनुहुन्छ भन्दैमा स्वस्थ रहनका लागि केही गर्नुपर्दैन भन्ने होइन। शरीरमा मांसपेशीलाई बलियो राख्नु र बोसोको मात्रा सन्तुलित बनाउनु उत्तिकै आवश्यक हुन्छ।

१. खानामा प्रोटिनको मात्रा बढाउने
२. मांसपेशी बलियो बनाउने व्यायाम गर्ने
३. लामो समयसम्म एउटै ठाउँमा नबस्ने
४. खानामा फाइबर समावेश गर्ने
५. पर्याप्त पानी पिउने
६. चिनी र अस्वस्थकर चिल्लो कम खाने

नेपालगन्जमा रगत अभाव

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर

चाडपर्व लक्षित लामो बिदाका कारण नेपालगन्जमा रगतको अभाव हटन सकेको छैन।

नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार केन्द्र, नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मीले रगतको अभाव हटाउन नियमित रक्तदान कार्यक्रम अनिवार्य भएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "नेपालगञ्जका अस्पतालका लागि मात्रै दैनिक ७० देखि ८० पिन्ट रगत माग हुन्छ तर त्योभन्दा निकै कम मात्रामा रगत मौज्दात रहेको छ", प्रमुख रेग्मीले लुम्बिनीसहित सुदूरपश्चिम र कर्णाली प्रदेशका बिरामीलाई समेत रगत पुऱ्याउनुपर्ने दायित्व भएको जानकारी दिँदै संस्थागत रक्तदानले संस्थालाई बल पुग्ने बताउनुभयो।

उक्त रक्तसञ्चार केन्द्रले खजुरा र कोहलपुरका शाखाबाट समेत रगत सङ्कलन गरेको छ। उहाँले कतिपय घटनामा बिरामीका लागि सट्टापट्टा हुने गरी रगत लिने दिने भइरहेको उल्लेख गर्दै रगतको अभाव हटाउन रक्तदान बढाउन जरुरी भएको बताउनुभयो।

"अहिले केही संस्थाले फाटफुट रूपमा रक्तदान गरिरहेका छन् तर यो पर्याप्त छैन", रेग्मीले भन्नुभयो। उहाँले केहीदिनमा अर्को संस्थाले पनि रक्तदान गर्न लागेको जानकारी दिँदै केही पिन्ट रगत त्यहाँबाट पनि सङ्कलन हुने बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार केन्द्र, नेपालगन्जका अनुसार कोहलपुरमा आठ अस्पतालका लागि २० देखि २५ पिन्ट र खजुराका दुइ अस्पतालका लागि १० देखि १२ पिन्ट रगतको दैनिक माग भइरहेको छ। नेपालगन्जका २७ अस्पतालका लागि करिब ८० पिन्ट रगतको माग भएको छ।

नेपाल रेडक्रस सोसाइटी, बाँकेका सभापति गोवर्द्धन सम्झनाले विभिन्न प्रक्रियाबाट रक्तदान भइरहेको जानकारी दिँदै रगत लिने दिने प्रणालीबाट पनि समस्याको समाधान भइरहेको बताउनुभयो।

उहाँले रगत अभावका कारण नेपालगन्जमा ठूलो समस्या नआएको उल्लेख गर्दै आवश्यक पर्दा स्वयंसेवी रक्तदातामार्फत रगतको अभाव हटाइएको बताउनुभयो।

पैतालीस पटकसम्म रक्तदान गर्नुभएका नेपालगन्ज-९ निवासी झविन्द्र शर्माले रगत लिएपछि दिनु पनि पर्छ भन्ने भावनाको विकास सबैमा हुनुपर्ने उल्लेख गर्दै जन्मदिन र वैवाहिक उत्सवमा पनि रक्तदान गर्ने प्रचलन बढन थालेको बताउनुभयो। उहाँले कम्तीमा वर्षमा दुई पटक भए पनि रक्तदानका लागि कार्यक्रम बनाउन स्थानीय सरकारसँग आग्रह गर्नुभयो। रासस

बाँकी

तेस्रो ...

राप्तीसोनारीको मदुवामा जन्मिएका ओली हाल जर्मनीमा एथ्लेटिक्स प्रशिक्षकका रूपमा कार्यरत छन्। उनी यस दौडका परिकल्पनाकार समेत हुन्।

विगत दुई वर्ष धारा नेपालगन्ज म्याराथन म्याराथनकै अगुवाइमा सम्पुर्ण व्यवस्थापन हुँदै आएकोमा यसवर्षदेखि राप्तीसोनारी गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रममा सम्बोधन गरेको छ। यस रेसलाई राष्ट्रिय स्तरको रोड रेसका रूपमा विकास गर्दै लैजाने तयारी रहेको पालिका अध्यक्ष तप्त पौडेलले बताएका छन्। वार्ड नं २ का अध्यक्ष ज्ञानु ओलीको समन्वयमा विभिन्न सामुदायिक वन समिति एवं संघसंस्थाले सहयोग एवं सहकार्यमा राप्तीसोनारी नेचर रन हुन लागेको हो। यसवर्ष करिब तीन सय जनाको सहभागिता रहने यस रनलाई सबैको साझा कार्यक्रमका रूपमा विकास गर्न लागिएको वडा अध्यक्ष ज्ञानु ओलीले बताए।

दशौं ...

प्रतियोगिताका खेल कर्णाली प्रदेशका पाँच र लुम्बिनी प्रदेशका दुई जिल्लामा हुँदैछन्। सुर्खेतमा २३ खेल आयोजना हुँदा नेपालगन्ज, बर्दिया र सल्यानमा समान दुई-दुई तथा दैलेख, कालीकोट र पश्चिम रुकुममा एक-एक खेल सञ्चालन हुनेछन्।

बर्दियाको भुरीगाउँमा यही मंसिर १९ देखि २३ गतेसम्म खोखो प्रतियोगिता सञ्चालन हुनेछ। प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोली सहभागी हुनेछन्। यसका लागि प्रदेश तथा विभागीय टोलीको छनोट भइसकेको छ।

लुम्बिनी प्रदेश खोखो सङ्घका महासचिव तथा प्रशिक्षक खगेन्द्र शाहीले लुम्बिनी प्रदेशको टोली छनोट भइसकेको जानकारी दिनुभयो। अन्य प्रदेशले पनि खेलाडी छनोट गरिसकेका छन्। विभागीय टोलीहरूसमेत प्रतियोगिताका लागि तयार छन्।

भुरीगाउँस्थित कभर्ड हल खोखो खेलका लागि निर्माण गरिएको नेपालकै सुविधासम्पन्न हलमध्ये एक हो। म्याटसहितको सुविधा रहेको यस हलमा रङरोगन तथा आवश्यक मर्मतसम्भारको काम भइसकेको छ।

ठाकुरबाबा नगर खेलकुद विकास समितिका अध्यक्ष तीर्थबहादुर खड्काका अनुसार कभर्ड हलमा बत्ती तथा अन्य आवश्यक व्यवस्थापनको काम पूरा भइसकेको छ। तर, आठौं राष्ट्रिय खेलकुद प्रतियोगिताका बेला प्रयोग गरिएको म्याट भने पुरानो र जीर्ण अवस्थामा छ। उक्त म्याट करिब एक दशक पुरानो भएकाले नयाँ खरिद गनुपर्ने उनको भनाइ छ।

बर्दिया हुने प्रतियोगिताका तयारीको लागि राष्ट्रिय खेलकुद परिषद् तथा प्रदेशस्तरीय प्राविधिक टोलीले पटक-पटक अनुगमन गरिसकेका छन्।

बर्दिया खेलकुद विकास समितिका पूर्वअध्यक्ष खगेन्द्र खनाल प्रतियोगिता भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न स्थानीय सरकार, खेलकुद विकास समिति तथा सरोकारवाला निकाय आ-आफ्नो क्षेत्रबाट जुटिरहेको बताउछन्।

यसैगरी बाँकेको नेपालगन्जस्थित रङ्गशालामा पौडी र सुटिङ प्रतियोगिता सञ्चालन हुनेछन्। पौडी यही मङ्सिर ८ र सुटिङ मंसिर १६ गतेदेखि सुरु हुने तालिका छ। पौडी पोखरीको निरीक्षण गर्न शनिबार प्राविधिक टोलीले नेपालगन्ज आउने तयारी गरेको प्रमुख चन्दले जानकारी दिए।

उनका अनुसार सुटिङ रेन्जमा बिग्रिएका १० वटा उपकरण मर्मतका लागि विदेशबाट पाटपूर्जा मगाइसकिएको छ। ती सामान आइपुगेपछि जडान गरेर सुटिङ रेन्जलाई प्रतियोगिताका लागि पूर्ण रूपमा तयार पारिने चन्दले बताए।

दशौं राष्ट्रिय खेलकुदमा व्यक्तिगततर्फ स्वर्ण पदक विजेताले रु २० हजार, रजत विजेताले रु १५ हजार र कास्य विजेताले रु आठ हजार पुरस्कार पाउनेछन्। टोली स्पर्धामा स्वर्ण जित्नेले रु १५ हजार, रजतले रु १० हजार र कास्यले रु आठ हजार प्राप्त गर्नेछन्।

कर्णाली प्रदेशलाई मुख्य आयोजनास्थल बनाएर सञ्चालन हुन लागेको प्रतियोगिताका केही खेल लुम्बिनी प्रदेशमा समेत आयोजना हुनुले यस क्षेत्रका खेल पूर्वाधारको उपयोग र खेल गतिविधि विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। राष्ट्रियस्तरको प्रतियोगिता आफ्नै क्षेत्रमा आयोजना हुँदा स्थानीय खेलाडीले घरेलु मैदानमा प्रतिस्पर्धा गर्ने अवसर पाउनेछन्।

लुम्बिनीमा बालविवाह विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइँदै

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर



लुम्बिनी प्रदेशलाई बालविवाह मुक्त बनाउने अभियानलाई प्रभावकारी बनाउन प्रदेशस्तरीय कार्यक्रम आयोजना गरिने भएको छ। लुम्बिनी प्रदेश बाल अधिकार संसदीय मञ्चले आगामी मङ्सिर ११ गते (नोभेम्बर २७) बालविवाह विरुद्धको पहिलो अन्तर्राष्ट्रिय दिवसका अवसरमा बृहत् कार्यक्रम गर्न लागेको हो।

संयुक्त राष्ट्रसङ्घको घोषणाअनुसार नोभेम्बर २७ लाई 'कलिलो उमेर, जबरजस्ती तथा उमेर नपुगी हुने बालविवाह विरुद्धको अन्तर्राष्ट्रिय दिवस' का रूपमा मनाउन लागिएको हो।

प्रदेश सरकार तथा विभिन्न सामाजिक सङ्घ संस्थाको सहकार्यमा दिवस मनाउन लागिएको मञ्चकी संयोजक धनलक्ष्मी श्रेष्ठले जानकारी दिइन्। दाङमा बसेको मञ्चको बैठकले मङ्सिर ११ गते प्रदेश राजधानी क्षेत्रमा कार्यक्रम आयोजना गर्ने निर्णय गरेको उनले बताइन्।

लुम्बिनी प्रदेशलाई बालविवाहमुक्त बनाउने तथा नेपाल सरकारले सन् २०३० सम्म देशलाई बालविवाह मुक्त बनाउने लक्ष्य लिएकाले त्यसलाई सफल बनाउन मञ्चले सक्रिय भूमिका खेलिरहेको संयोजक श्रेष्ठले बताइन्।

बालविवाह अन्त्यका लागि विश्वव्यापी अभियान सञ्चालन भइरहेका बेला संयुक्त राष्ट्रसङ्घले पनि यससम्बन्धी दिवस मनाउने निर्णय गरेको हो। बालअधिकारका क्षेत्रमा कार्यरत संस्था 'जस्ट राइट्स फर चिल्ड्रेन' ले पनि बालविवाह विरुद्धको अभियानको अगुवाइ गरिरहेको छ।

मञ्चकी संयोजक श्रेष्ठको अध्यक्षता तथा मञ्चका संरक्षक एवं लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीको आतिथ्यमा बसेको बैठकले दिवसलाई प्रभावकारी रूपमा मनाउने निर्णय गरेको हो।

बैठकमा मञ्चका सदस्य लोकीकुमारी विक, मिना बुढा, सुशीला वादी, मिना बोहरा सिद्दिकी लगायतले बालविवाहमुक्त प्रदेश निर्माणका लागि सबै पक्ष एकजुट हुनुपर्ने बताए। उनीहरूले प्रदेश सरकारले अघि सारेको १० वर्षे रणनीतिअनुसार सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य हासिल गर्न सबैको सहकार्य आवश्यक रहेको धारणा राखे।

राष्ट्रिय तथ्याङ्कअनुसार लुम्बिनी प्रदेशमा बालविवाहको दर र जोखिम दुवै उच्च रहेको देखिन्छ। त्यसैले बालविवाह विरुद्ध जनचेतना अभिवृद्धि गर्नुका साथै अभियानलाई समुदाय स्तरसम्म प्रभावकारी बनाउनुपर्नेमा बैठकका सहभागीले जोड दिएका थिए।



आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्क:
मो. ९८५८०४१२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप


समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

युनियन बाँकेको लेखनवृत्ति प्रतियोगिता

थारु लेहंगाको बढ्दो मागसँगै शीर्षकको स्टोरी प्रथम

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर

नेपाल प्रेस युनियन बाँकेले आयोजना गरेको पत्रकार महिला लेखनवृत्ति प्रतियोगिता-२०८३ मा बिमला चौधरीले लेखेको स्टोरी प्रथम भएको छ। प्रेस युनियन बाँकेले विगत ३ वर्षदेखि गर्दै आएको छ।

यस पटकको कार्यक्रममा चौधरीको "थारु लेहङ्गको बढ्दो मागसँगै चम्किँदै गिताको उद्यमशीलता, मासिक डेढ लाख आम्दानी" शीर्षकको स्टोरी उत्कृष्ट स्थान हासिल गर्न सफल भएको हो।

प्रतियोगितामा ममता थापाले लेखेको स्टोरी द्वितीय भएको छ। "थापाको घुँघट र अशिक्षाको पर्खाल भत्काएर सत्ताको जिम्मेवारी सम्हाल्ने आँट गरेका जनप्रतिनिधि" शीर्षकको स्टारीले दोस्रो उत्कृष्ट हुन सफल भएको हो।

यस्तै सुमित्रा पण्डितले लेखेको स्टोरी तृतीय भएको छ। पण्डितको "मुना हमालको संघर्षदेखि नेतृत्वसम्मको प्रेरणादायी यात्रा" शीर्षकको स्टोरी उत्कृष्ट तेस्रोमा परेको छ। यस वर्षको प्रतियोगितामा छ जना पत्रकार महिलाले सहभागिता जनाएका थिए। जसमध्ये साहिदा साहले लेखेको आशाका सपना, साहस, संघर्ष र दोहोरो जिम्मेवारी शीर्षकको स्टोरीले सान्त्वना स्थान हासिल गर्न सफल भएको हो।

प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः नेपाली काँग्रेसका केन्द्रीय सदस्यद्वय शुधान्सु कोइराला, सीता काफ्ले, लुम्बिनी प्रदेश सभा सदस्य, पुर्व मन्त्री बादशाह कुर्मी र नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य अन्जना पाण्डेले पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्नुभएको हो। बिजेताहरूलाई क्रमश नगद आठ, पाँच, तीन र एक हजारका दरले पुरस्कृत गरिएको छ। तीन सदस्य निर्णायक समितिले छ वटै स्टोरीको अध्ययन पश्चात निर्णय गरिएको युनियनका सचिव भिष्म लोधले जानकारी दिनुभयो।







कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य कोइरालाले लोकतन्त्रको रक्षा केवल पत्रकारले गर्न सक्ने भएकाले पत्रकारिता जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। पत्रकारिता समाचार सम्प्रेषण मात्रै नभएर समाजमा चेतना फैलाउने कार्य पत्रकारिता भएको र यसले समाजको समस्या समाधानमा उल्लेखनीय भूमिका हुने बताउनुभयो।

यसैगरी केन्द्रीय सदस्य काफ्ले पत्रकार महिला लक्षित गरिएको यो कार्यक्रम एकदमै राम्रो रहेको बताउनुभयो। उहाँले प्रेस युनियनले गर्दै आएको यो कार्यक्रमले पत्रकार महिलाको क्षमता विकासमा सहयोग पुऱ्याउने बताउनुभयो।

कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य तथा नेपाली काँग्रेसका नेता बादशाह कुर्मीले पत्रकारिताकै कारण समाजको कुरा उठान हुने भएकाले यसलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो। 'बोल्न नसक्नेहरूको आवाज पत्रकार हुन्, उहाँले भन्नुभयो, प्रेस स्वतन्त्रताका लागि नेपाली काँग्रेस हमेश पत्रकारको साथमा छ।'

यस्तै नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य पाण्डेले सरकार, राज्य थाहा नपाउने बिषय पत्रकारले थाहा पाउने भएकाले देश निर्माणमा पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले राज्यको आँखा खोल्ने कामसमेत पत्रकारले गर्ने भएको हुँदा पछिल्लो समय पछिल्लो समयको पत्रकारिता कतै आचारसंहिता भन्दा बाहिर गइरहेको त छैन, भन्ने कुरामा पनि ध्यान केन्द्रीत हुनुपर्ने धारणा राख्नुभयो।









कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य बसन्त उपाध्याय, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाई, महासंघका पूर्व केन्द्रीय महासचिव पोषण केसी, नेपाली काँग्रेस बाँकेका प्रेस सल्लाहकार निरज गौतम, नेपालगन्ज म्याराथनका संस्थापक टिएस ठकुरी लगायतले बोल्नुभएको थियो।

युनियन बाँकेका अध्यक्ष कमल खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ पत्रकार नरेन्द्रजंग पिटर, नेपाली काँगेसका महाधिवेशन प्रतिनिधि रेनु सिंह, प्रेस युनियनका पूर्व केन्द्रीय सदस्य एव नेपालगन्ज उपमहानरपालिकाकी उपप्रमुख उमा थापा मगर, प्रेस युनियन बाँकेका पूर्व अध्यक्ष अर्जुन ओली, पत्रकार महासंघ बाँके उपाध्यक्ष करुणा शाह, संचारिका समूहकी लुम्बिनी प्रदेश उपाध्यक्ष रूपा गहतराज, दलित पत्रकार संघ लुम्बिनीका अध्यक्ष टेकेन्द्र बस्याल, क्रियाशिल महिला पत्रकार समूह बाँके अध्यक्ष सावित्री गिरीलगायतको उपस्थिति रहेको थियो।

काँग्रेसका केन्द्रीय सदस्यद्वयलाई युनियनको सम्मान

नेपाल प्रेस युनियन बाँकेले नेपाली काँग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित सुधान्शु कोइराला र सीता काफ्लेलाई सम्मान गरेको छ। हालै सम्पन्न काँग्रेसको १५औं केन्द्रीय महाधिवेशनबाट केन्द्रीय कार्यसमितिको सदस्यमा दुबै जना निर्वाचित हुनुभएको हो।

युनियन बाँकेले शुक्रबार नेपालगन्जमा एक कार्यक्रमको आयोजना गरेर केन्द्रीय सदस्यमा निर्वाचित कोइराला र काफ्लेलाई सम्मान पत्र तथा खादा लगाएर सम्मान गरेको छ। युनियन बाँकेका जिल्ला अध्यक्ष कमल खत्रीले निर्वाचित केन्द्रीय सदस्यद्वयलाई सम्मान गर्नुभएको थियो।

उक्त कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य बादसाह कुर्मी, युनियनका केन्द्रीय सदस्य बसन्त उपाध्याय, नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य अन्जना पाण्डे, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाई, नेपाली काँग्रेस बाँके क्षेत्र नम्बर ३ पुर्वसभापति पोषण केसी, बरिष्ठ पत्रकार नरेन्द्रजंग पिटरलगायतको उपस्थिति रहेको थियो। प्रेस युनियन अध्यक्ष कमल खत्रीको सभाअध्यक्षमा संचालित कार्यक्रमको संचालन सचिव भिष्म लोधले गर्नुभएको थियो।

विश्व पारा तेक्वान्दोमा दिपेशलाई रजत

कालपृष्ठ समाचारदाता

काठमाडौं, ४ मंसिर

नेपालका दिपेश महतले दक्षिण कोरियाको मुजुस्थित तेक्वान्दोवनमा आयोजित ११ औं विश्व पारा तेक्वान्दो च्याम्पियनसिप (जि १४) मा रजत पदक जितेका छन्।

पुरुष के४१ क्याटगोरीको -५८ केजीमुनि दिपेशले उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनलमा टर्कीका कोसे साबितलाई नकआउट (१४-४) को आधारमा पराजित गरी फाइनलमा स्थान सुरक्षित गरेका थिए। स्वर्ण पदक भिडन्तमा भने दिपेश रुसका याकुपोभ रिनाटसंग चुके।

नेपालले विश्व पारा तेक्वान्दोमा १२ वर्षपछि यो उपलब्धी हात पारेको हो। यसअघि सन् २०१४ मा रुसमा भएको पाँचौं विश्व पारा तेक्वान्दो च्याम्पियनसिपमा यादव कुँवरले रजत पदक जितेका थिए।

दिपेशसहित प्रतियोगितामा नेपालबाट २ खेलाडी सहभागी छन्। के ४४ को पुरुष ६३ केजीमुनि अमिर भ्लोनले शनिबार इरानका अलिजादेह अरब ए. विरुद्ध खेल्ने छन्। नेपाली टोलीको टिम म्यानेजर हेमन्त डाँगी र टिम प्रशिक्षक कविराज नेगी लामा रहेका छन्।

प्रतियोगितामा ६४ राष्ट्रका २ सय ४५ खेलाडीहरूको सहभागिता रहेको प्रशिक्षक लामाले जनाएका छन्। उद्घाटन समारोहको मार्च पासमा अमिर भ्लोनले नेपालको झण्डा बोकेका थिए।

दशौं राष्ट्रिय खेलकुदका चार खेल लुम्बिनीमा, प्रतियोगिता कुर्दै बाँके र बर्दिया

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ४ मंसिर

कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका चार खेल लुम्बिनी प्रदेशमा सञ्चालन हुने भएसँगै त्यसको तयारी तीव्र पारिएको छ। प्रतियोगिताअन्तर्गत बाँकेमा पौडी र सुटिङ तथा बर्दियामा खोखो र टेनिस खेल हुँदैछन्।

ती खेल सञ्चालनका लागि आवश्यक पूर्वाधार मर्मत तथा व्यवस्थापनलाई तीव्रता दिइएको सांविक मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका प्रमुख महेश चन्दले जानकारी दिए।

अहिले नेपालगन्ज रङ्गशालास्थित पौडी पोखरीमा रडरोगन र टायल परिवर्तन गर्ने तथा आवश्यक मर्मतसम्भारका काम भइरहेका छन्। पौडी पोखरीको अवस्था सामान्यतः राम्रो भए पनि बाहिरी भागका टायल उप्किएको र रडरोगन आवश्यक रहेकाले सुधारको काम अन्तिम चरणमा पुगेको उनले जानकारी दिए।



यस्तै बर्दियाको ठाकुरबाबा नगरपालिकाको भुरीगाउँस्थित खोखो कभर्ड हललाई प्रतियोगिताका लागि तयार पारिएको छ। बर्दियामा खोखोसँगै टेनिस प्रतियोगिता पनि हुनेछ। टेनिस गुलरियास्थित कभर्ड हलमा हुनेछ। दुवै खेलस्थलमा आवश्यक मर्मत तथा पूर्वाधार व्यवस्थापनको काम अघि बढाइएको छ।

दशौं खेलकुदअन्तर्गत यही मङ्सिर ८ गतेदेखि विभिन्न विधामा प्रतिस्पर्धा हुँदैछन्। राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटन भने यही मङ्सिर १६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रङ्गशालामा हुनेछ।

प्रतियोगितामा ३२ खेलका ३८४ इभेन्ट्स समावेश छन्। सात प्रदेश, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) गरी १२ टोलीका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा ३८४ स्वर्ण, ३८४ रजत र ५६९ कास्य गरी कुल एक हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुनेछ।

बाँकी ३ पृष्ठमा

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।